संसदभवन, सिंहदरबार
काठमाडौं, नेपाल ।
फोन/फ्याक्स:०१ ४२००२७७,
इमेल:parl_hearing@parliament.gov.np

# संघीयसंसद
## संसदीय सुनुवाई समिति

२०७५/०८/२३ गते, आइतबार,

## २१औं बैठकको निर्णय

१. समितिको आजको बैठकमा गणतन्त्र भारत, मलेसिया, संयुक्त अरब इमिरेट्स र इजरायलका लागि नेपाली राजदुतको पदमा नियुक्तिका लागि प्रस्तावित व्यक्तिहरु क्रमश: श्री निलाम्बर आचार्य, श्री उदयराज पाण्डे, श्री कृष्णप्रसाद ढकाल र डा.अञ्जान शाक्यसँग उक्त पदका सन्दर्भमा उहाँहरुको योग्यता, अनुभव, अभिरुचि तथा जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा आ- आफ्नो अवधारणा, कार्ययोजना र सोंचका सम्बन्धमा छलफल गरियो ।

२. नेपाल सरकार परराष्ट्र मन्त्रालयको प. सं. ०७५।०७६, च. नं. ३३५५, मिति २०७५/०७/३० को पत्रानुसार गणतन्त्र भारत, मलेसिया, संयुक्त अरब इमिरेट्स र इजरायलका लागि नेपाली राजदुतको पदमा नियुक्तिका लागि क्रमश: श्री निलाम्बर आचार्य, श्री उदयराज पाण्डे, श्री कृष्णप्रसाद ढकाल र डा.अञ्जान शाक्य लाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाईका लागि पठाईएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम सुनुवाई गर्दा प्रस्तावित व्यक्तिहरु योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम श्री निलाम्बर आचार्य, श्री उदयराज पाण्डे, श्री कृष्णप्रसाद ढकाल र डा.अञ्जान शाक्यको नाम सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

३. संसदीय सुनुवाई पश्चात नियुक्त गरिने पदमा नेपालको संविधानले व्यवस्था गरेबमोजिम समावेशीतालाई आधार बनाई सिफारिस गर्न नेपाल सरकारलाई ध्यानाकर्षण गराउने निर्णय भयो ।

४. विभिन्न मुलुकका लागि नियुक्त भई जाँदा राजदुतहरुलाई दिइने "**कार्यदिशा**" समितिको अध्ययन प्रयोजनका लागि परराष्ट्र मन्त्रालयलाई पत्राचार गरी माग गर्ने निर्णय गरियो ।